

# राइट हियर राइट नाउ नेपाल
# युवाले नेतृत्व गरेको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि पैरवीको नमुना
# २०२०

RIGHT HERE
RIGHT NOW

**लेखक**

मेधा शर्मा

शिल्पा लामिछाने

**समिक्षक**

श्रेया श्रेष्ठ

एनी रिजाल

लिऋषा तुलाधर

**डिजाईनर**

गणेश प्रजापति

यो परियोजनाको लागि सहयोग राइट हियर राइट नाउ पार्टनरशिपले गरेको हो ।

यो पार्टनरशिपलाई द नेदरल्याण्डको विदेशी मामिला मन्त्रालयले सहयोग गरेको हो ।

सर्वाधिकार सुरक्षित

नोभेम्बर २०२०

थप जानकारीको लागि सम्पर्क गर्नु होस्:

RIGHT HERE
RIGHT NOW

**राइट हियर राइट नाउ**

सचिवालय: युवा

३१० कृष्णधारा मार्ग, महाराजगंज

०१-४४१९४८९, ०१-४४१८७४७

**info@yuwa.org.np || www.yuwa.org.np**

राइट हियर राइट नाउ (Right Here Right Now - RHRN) एउटा पंचवर्षीय (सन् २०१६ देखि २०२० सम्म) विश्वव्यापी रणनीतिक साझेदारी हो, जसले एउटा यस्तो संसारको कल्पना गर्छ जहाँ सम्पूर्ण युवाहरुले गुणस्तरीय र युवा मैत्री स्वास्थ्य सेवा पहुँच गर्न सकुन्, र आफू को हूँ र कसलाई माया गर्छु भनेर व्यक्त गर्न नडराउन् ।

RHRN दस वटा देश र एउटा क्षेत्रमा सक्रिय छ (एसिया : बंगलादेश, इन्डोनेसिया, नेपाल र पाकिस्तान, अफ्रीका : केन्या, सेनेगल, युगान्डा र जिम्बाब्वे, दक्षिण अमेरिका : बोलिविया र होंडूरस तथा क्यारिबियन क्षेत्र । आठवटा संस्थाले विश्वव्यापी तहमा कन्सोर्टियम गठन गरेका छन् : रट्गर्स, एर्रो, चोइस फर युथ एण्ड सेक्सुआलिटी, डान्स फर लाइफ, आइपीपीएफ, इवोस, ल्याटिन अमेरिकन एण्ड क्यारिबियन वुमेन्स हेल्थ नेटवर्क । यो पार्टनरशिपलाई द नेदरल्याण्ड्सको विदेशी मामिला मन्त्रालयले सहयोग गरेको हो ।

## आरएचआरएन (RHRN) को रणनीतिक लेन्सहरु

- निर्णयकर्ताहरूको ज्ञान, सिप र राजनीतिक इच्छाहरु वृद्धि गर्नु
- नागरिक समाज र युवाहरुको लागि स्थानहरु पैदा गर्नु
- यौन तथा प्रजनन स्वास्थ्यका च्याम्पियनहरूको मार्फत् पैरवीको लागि सार्वजनिक समर्थन सबलीकरण गर्नु
- क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पैरवीलाई राष्ट्रिय पैरवीसँग जोड्नु
- युवा अभियन्ता र संस्थाहरुको क्षमतालाई खुल्न दिनु र अभिवृद्धि गर्नु

---

## राइट हियर राइट नाउ नेपाल

आरएचआरएन नेपाल युवाले नेतृत्व गरेको र युवासँग काम गर्ने पन्ध्र संस्थाहरुबीचको रणनीतिक साझेदारी हो जसले युवाहरुको यौन तथा प्रजनन् स्वास्थ्यमा वार्धित अनुभवको लागि पैरवी गर्दै आएका छन् । यसको साझेदार संस्थाहरु निम्न छन् : राष्ट्रिय युवा संस्था संजाल (आयोन) Association या Youth Organization AYON, बियोंड बेजिंग कमिटि (बिबिसी) Beyond Beijing Committee BBC, निल हिरा समाज Blue Diamond Society BDS, सीडिएस पार्क मुगु CDS PARK Mugu, नेपाल परिवार नियोजन संघ Family Planning Association या Nepal FPAN, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको महासंघ नेपाल Federation of Sexual and Gender Minorities Nepal FSGMN, हुडेप Human Development and Environment Protection Forum HUDEP, तान नेपाल LOOM Nepal, रेस्ट्लेस् डेभलप्मेन्ट Restless Development, रुवन नेपाल Rural Women Association या Nepal RUWON Nepal , भिजिबल इम्प्याक्ट Visible Impact, युथ एक्शन नेपाल Youth Action Nepal, युवा विकास केन्द्र Youth Development Center YDC, युवा YUWA, युवालय Yuwalaya ।

---

## पाँच वर्षको उद्देश्य

आरएचआरएनले सन् २०२० सम्म निम्न उद्देश्य पूरा गर्ने लक्ष्य लिएको थियो :

- सन् २०२० सम्म नेपालमा वैवाहिक समानतालाई वैधानिकता प्रदान गर्ने
- सन् २०२० सम्म राष्ट्रिय र प्रादेशिक तहमा प्रभावकारी कार्यान्वयन संयन्त्रको स्थापना मार्फत् युवा मैत्री र लान्छना रहित सुरक्षित गर्भपतन सेवालाई पहुँचयुक्त र उपलब्ध बनाउने
- सन् २०२० सम्म विद्यालयमा रहेका विद्यार्थीहरुको लागि बृहत् यौनिकता शिक्षालाई उचित अनुगमन संयन्त्र सहित प्रभावकारी ढंगले लागू गर्ने र विद्यालय बाहिर रहेका बच्चाहरुको बृहत् यौनिकता शिक्षाको पाठ्यक्रमको ढाँचा तयार गर्ने

# संक्षेप रुपको सूची

| | |
|---|---|
| APFSD | Asia Paci(c Forum for Sustainable Development |
| AYON | Association of Youth Organizations Nepal |
| B+25 | Beijing+25 |
| BBC | Beyond Beijing Committee |
| BDS | Blue Diamond Society |
| CDC | Curriculum Development Center |
| CDS PARK Mugu | Center for Karnali Rural Promote and Society Development |
| CEDAW | Commission on Elimination of All forms of Discrimination Against Women |
| CEHRD | Center for Education and Human Resource Development |
| CLC | Community Learning Center |
| COVID-19 | Corona Virus Disease 2019 |
| CPD | Commission on Population and Development |
| CSE | Comprehensive Sexuality Education |
| CSO | Civil Society Organization |
| CSW | Commission on Status of Women |
| DEO | District Education Of(ce |
| FWD | Family Welfare Division |
| FPAN | Family Planning Association of Nepal |
| FSGMN | Federation of Sexual and Gender Minorities Nepal |
| HLPF | High Level Political Forum on Sustainable Development |
| HUDEP | Human Development and Environment Protection Forum |
| ICPD | International Conference on Population and Development |
| IEC | Information, Education and Communication |
| LGBTI | Lesbian, Gay, Bisexual, Transgender, Intersex |
| MOSD | Ministry of Social Development |
| NGO | Non- Governmental Organization |
| MoU | Memorandum of Understanding |
| MOWCSC | Ministry of Women, Children and Senior Citizen |
| NCED | National Center for Education and Development |
| NWC | National Women Commission |
| NYC | National Youth Council |
| ONHCR | Office of the United Nations High Commissioner for Human Rights |
| PMEL | Planning, Monitoring, Evaluation and Learning |
| PSA | Public Service Announcement |
| RH | Reproductive Health |
| RHRN | Right Here Right Now |
| RHRWG | Reproductive Health and Rights Working Group |
| RUWON | Rural Women's Network Nepal |
| SOGIEB | Sexual Orientation, Gender Identity, Expression and Body |
| SRH | Sexual and Reproductive Health |
| SRHR | Sexual and Reproductive Health and Rights |
| SRPC | Shadow Report Preparation Committee |
| TCIC | Technical Committee for Implementation of Safe Abortion Care |
| UPR | Universal Periodic Review |
| YDC | Youth Development Center |

# धन्यवाद ज्ञापन


यो पुस्तकलाई युवाले राइट हियर राइट नाउको अंशको रुपमा तयार गरेको हो ।

यस पुस्तकको सामग्री तयार गरिदिनु भएकोमा श्री मेधा शर्मा र श्री शिल्पा लामिछानेलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

त्यसै गरी हामी पूर्व राष्ट्रिय संयोजक श्री कमल गौतम, पूर्व पीएमइएल अफिसर श्री संस्कृति श्रेष्ठ र सन् २०१६ देखि २०१८ सम्म र सन् २०१८ देखि २०२० सम्मको सम्पूर्ण कार्यकारी समितिलाई पनि राइट हियर राइट नाउ परियोजनामा उहाँहरुको योगदान र यो पुस्तकको सफलताको लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

यो परियोजना सफल हुने थिएन यदि सबै प्लेटफर्म सदस्यहरूले उद्देश्य प्राप्तिको लागि अथक प्रयास न गर्नु भएको भए । त्यसैले हामी वर्तमान् र भूतपूर्व कार्यकारी र लेखा शाखाका फोकल व्यक्तिहरुलाई पनि यो परियोजनामा उहाँहरुको योगदानको लागि धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

साथै, आरएचआरएन नेपालको सचिवालय र कर्मचारीहरु तथा युवाका सदस्य र कर्मचारीहरु, जसले आरएचआरएन प्लेटफर्मको विभिन्न गतिविधि, कार्यक्रम र पैरवीको लागि सहयोग गर्नु भएको छ, लाई पनि निकै धन्यवाद भन्न चाहन्छौं ।

अन्तिममा तर न्यून रुपमा होइन, हामी हाम्रो विश्वव्यापी रणनीतिक साझेदारहरु : रट्गर्स, एर्रो, चोइस फर युथ एण्ड सेक्सुवालीटी, डान्स फर लाइफ, इवोस, आइपीपीएफ, ल्याटिन अमेरिकन एण्ड क्यारिबियन वोमेंस हेल्थ नेटवर्क तथा डच मिनिस्ट्री अफ फोरन अफेयर्सलाई धन्यवाद दिन चाहन्छौं जसको विना आरएचआरएन वास्तविकता हुने थिएन ।

त्यसैगरी, यो पुस्तक डिजाइन गरिदिनु भएकोमा हामी श्री गणेश प्रजापतिलाई पनि धन्यवाद दिन चाहन्छौं ।

# संख्यामा उपलब्धिहरू

१५ प्लेटफर्म संस्थाहरू

३ प्रदेश

१००+ युवाहरु सामाजिक च्याम्पियनको रूपमा परिचालन

३ नीति परिवर्तन

६०+ मिडिया गतिविधिहरू

५०+ क्षेत्रीय र अन्तर्राष्ट्रिय फोरमहरूमा सहभागिता

९ सडक भित्ते चित्रहरू (mural)

४४+ प्रकाशनहरू

३ सामाजिक संजाल लक्षित अभियानहरू

४६ मुख्य संवेदनशील बनाउने तथा पैरवी बैठकहरू

३ सेलिब्रिटी च्याम्पियनहरू

१२+ दिवसहरु

# आरएचआरएनको यात्रा



## सन् २०१७

### वैवाहिक समानता

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग अन्तरक्रिया तथा नीति संवाद
- तीन वटा जिल्लाका सरोकारवालाहरुसँग संवाद
- श्री माल्भिका सुब्बा, पूर्व मिस नेपाल तथा प्रख्यात मिडिया व्यक्तित्वलाई वैवाहिक समानताको लागि सेलिब्रिटी च्याम्पियनको रुपमा चयन
- यौनिक तथा लैंगिक अल्पसंख्यकहरु र वैवाहिक समानताको विषयमा राष्ट्रिय टेलिभिजनमा छलफल कार्यक्रम
- गाइजात्राको बेलामा प्राइड परेड मार्फत् अन्तर्राष्ट्रिय LGBTI दिवस सम्पन्न

### सुरक्षित गर्भपतन

- श्री दयाहांग राई, प्रख्यात नायक, लाई सुरक्षित गर्भपतनको लागि सेलिब्रिटी च्याम्पियनको रुपमा चयन
- सुरक्षित गर्भपतनको पैरवीको माग वृद्धि गर्न सुनसरीका युवा नेताहरुसँग अन्तरक्रिया
- TCIC र RHRWG सँग बैठक र परिवार कल्याण महाशाखासँग नीति संवाद
- RHRWG र राष्ट्रिय महिला आयोगसँग आरएचआरएनलाई RHRWG को सदस्य बनाउनेसम्बन्धि बैठक
- राष्ट्रिय युवा परिषद्सँग बैठक र त्यहाँबाट एक जना व्यक्तिलाई आरएचआरएनको फोकल व्यक्तिको रुपमा पदनाम
- विभिन्न जिल्लाहरुमा राष्ट्रिय सुरक्षित गर्भपतन दिवस मनाउन जिल्ला युवा परिषद्को संलग्नतामा फ्ल्यास मब, नाटक, भित्ते चित्र र सांस्कृतिक कार्यक्रमहरू संचालन

### बृहत् यौनिकता शिक्षा

- बृहत् यौनिकता शिक्षाको उपलब्धि म्यापिंग गर्न सरोकारवालाहरुसँग परामर्श बैठक
- बृहत् यौनिकता शिक्षाको अनुगमन फ्रेमवर्क सम्बन्धि सरोकारवालाहरुसँग बैठक

### क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पैरवी

- APFSD मा पाँच जना प्लेटफर्म सदस्यको सहभागिता, तथा दुई सदस्यहरूको CSO फोरम र मुख्य कार्यक्रममा सहभागिता
- दुई प्लेटफर्म सदस्य (एक जना युवाले नेतृत्व गरेको र अर्को वयस्कहरुले नेतृत्व गरेको संस्थाका सदस्यहरुको HLPF मा सहभागिता
- दुई युवा महिला को APCRSHR मा सहभागिता
- प्लेटफर्मको एक जना सदस्य को CPD को ५० औं सत्रमा सहभागिता र नागरिक समाजकोतर्फबाट आरएचआरएनको मुख्य पैरवीको क्षेत्र सम्बन्धि मौखिक वक्तब्य ज्ञापन

## २०१८

### वैवाहिक समानता

- १, ३, ४, ६ र ७ नम्बर प्रदेशको सरकारी निकायहरुसँग पैरवी बैठक
- सुनसरी, सिन्धुली र धनगढी जिल्लाका सरोकारवालाहरुलाई यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकार तथा वैवाहिक समानता सम्बन्धि संवाद र अन्तरक्रिया
- मिडिया तथा नागरिक समाजलाई यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकार सम्बन्धि अभिमुखीकरण
- यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकार र वैवाहिक समानतामा संवेदनशीलता सम्बन्धि र सार्वजनिक बहस सम्बन्धि परामर्श बैठक
- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको ड्राफ्टिङ्ग समितिलाई वैवाहिक समानता सम्बन्धि अभिमुखीकरण
- अन्नपुर्ण र सम्पूर्ण साप्ताहिक पत्रिकासँग दुई महिना सम्म प्रत्येक हप्ता यौनिक तथा लैंगिक अल्पसंख्यक सम्बन्धि लेख लेखेर नेपालको विभिन्न भागमा वितरण गर्न आरएचआरएनको सम्झौता
- प्रदेश १ र ३ मा नेपाली र मैथिली भाषामा रेडियो जिङ्गल उत्पादन र प्रशारण
- वैवाहिक समानता सम्बन्धि सामाजिक सेवा सूचनाको उत्पादन र प्रशारण
- प्रिन्ट मिडियाको अनुगमन
- विभिन्न जिल्लाका करिब १५०० सहभागीहरु सहितको गाईजात्रा प्राइड परेड

### सुरक्षित गर्भपतन

- TCIC र RHRWG को आयोजनामा परिवार कल्याण महाशाखा, कानुन तथा न्याय मन्त्रालय, राष्ट्रिय महिला आयोग, खानेपानी मन्त्रालय र स्वास्थ्य मन्त्रालयसँग प्रजनन् स्वास्थ्य विधेयक पारित गर्न अनेक बैठकमा सहभागिता
- संघिय सांसद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र परिवार कल्याण महाशाखासँग सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य विधेयकमा सुरक्षित गर्भपतनको कुरा छुट्नु हुँदैन भनेर परामर्श
- प्रदेश १ र ६ का प्रदेश सरकारलाई संवेदनशील बनाउन बैठक तथा प्रजनन् स्वास्थ्य विधेयकमा गर्भपतनको अवस्थाबारे परामर्श
- प्रदेश १ का सांसदहरुद्वारा प्रादेशिक प्रजनन् स्वास्थ्य विधेयक तथा निर्देशिकाको विषयलाई प्रदेश सभामा उत्थान गर्ने प्रतिवद्धता

- कर्णाली प्रदेशका १० जिल्लाहरुको राजनीतिक दल समर्थित युवा संगठनलाई सुरक्षित गर्भपतन सम्बन्धि संवेदनशील बनाउन बैठक
- ४ सदस्यीय समिति गठन तथा राष्ट्रिय युवा परिषद्द्वारा आरएचआरएनसँग एउटा रणनीतिक खम्बा अन्तर्गत् सहकार्य गर्न तथा संघीय र प्रदेश १, ३ र ६ मा चिनजान गराउन समझदारी
- गर्भपतन सम्बन्धि सत्य र मिथ्याको माध्यमबाट फेसबुकमा नकारात्मक कमेन्ट गर्नेहरुलाई संवेदनशील बनाउनु
- युवाहरुको सुरक्षित गर्भपतन अनुभव सम्बन्धि अध्ययन
- सुरक्षित गर्भपतन दिवसको उपलक्ष्यमा सेलिब्रिटी च्याम्पियन दयाहांग राईद्वारा सुरक्षित गर्भपतन सम्बन्धि हप्ता दिनभरि सामाजिक संजालमा पोस्टहरु, सार्वजनिक स्थानमा भाषण र प्यानालिस्टको रुपमा सहभागिता
- सुरक्षित गर्भपतन सम्बन्धि भिडिओ उत्पादन तथा युवा र नीति निर्माता माझ प्रदर्शन
- १७५ मिडिया व्यक्तित्वहरू, राष्ट्रिय तहका पत्रिकाहरु र राष्ट्रिय तथा प्रादेशिक तहका अनलाइन पत्रिकाका सम्पादकहरुलाई संवेदनशील बनाउन बैठक

## बृहत यौनिकता शिक्षा

- पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, जिल्ला शिक्षा कार्यालय तथा अन्य सरोकारवालाहरुसँग परामर्श बैठक
- राजनीतिक दलका युवा तथा विद्यार्थी संगठनका ४७ सदस्यहरूलाई बृहत् यौनिकता शिक्षाको महत्वको बारेमा संवेदनशील बनाउन बैठक
- ३ वटा जिल्लामा विद्यालय बाहिर रहेका युवाहरुको बृहत् यौनिकता शिक्षाको अवस्थाबारे अनुसन्धान
- विद्यालय बाहिर रहेका युवाहरुको बृहत् यौनिकता शिक्षाको अवस्थाबारे अनुसन्धान र सो दस्तावेजलाई सरकारी तथा गैर सरकारी सरोकारवालाहरु माझ वितरण
- बृहत् यौनिकता शिक्षाको लागि सेलिब्रिटी च्याम्पियनको पहिचान तथा संवेदनशील बनाउन अभिमुखीकरण

## क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पैरवी

- आरएचआरएन लगायत छायाँ प्रतिवेदन तयारी समितिद्वारा सिड (CEDAW))को लागि छाँया प्रतिवेदन तयार गर्न प्रादेशिक तथा संघिय तह मा परामर्श बैठकहरु
- दुई जना सदस्यद्वारा सिडमा सहभागिता तथा पैरवी
- विश्यव्यापी आवधिक समिक्षा (Universal Periodic Review)को रिपोर्ट तयार गर्न NGO कोलिसनसँग समिक्षा बैठक आयोजना
- APFSD प्री फोरम मा ७ जना आरएचआरएन सदस्यको सहभागिता, जस मध्ये ५ जनाको CSO फोरममा र एकजनाको मुख्य कार्यक्रममा सहभागिता तथा एशिया प्रशान्त क्षेत्रको युवाको तर्फबाट मौखिक वक्तव्य ज्ञापन

## २०१९

“एड्भान्सिंग युथ एसआरएच आर : राइट्स कान्ट वेट” सम्मेलन को आयोजना, जसले बहिक्षेत्रिय सरोकारवालाहरूलाई बृहत् यौनिकता शिक्षा, सुरक्षित गर्भपतन तथा वैवाहिक समानताको मुद्धामा समर्थन गर्दै सँगै लेरायो ।

## वैवाहिक समानता

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा प्रदेश ३ र ५ को सरकारसँग वैवाहिक समानता सम्बन्धि संवेदनशील बनाउन बैठक
- बेहुली र स्वीकार नामक यौनिक तथा लैंगिक अल्पसंख्यक सम्बन्धि दुई वटा सार्वजनिक सेवा सूचनालाई एक दिवसीय चलचित्र महोत्सवमा प्रदर्शन
- राष्ट्रिय मानव अधिकार समितिका सांसदहरूसँग पैरवी र पुनः बैठक
- योग्यकार्ता प्रिन्सिपल (Yogyakarta Principle) को परिमार्जित तथा अनुवादित संस्करण लगायत समलिंगी विवाह समितिको सुझाव र देहानी संहिता र अपराधिक संहिताबीचको भिन्न भाषाकोबारे दस्तावेजलाई सांसद र सरकारी निकायमाफ हस्तान्तरण
- वैवाहिक समानता विधेयक ड्राफ्टिंग समिति (drafting committee), सरकार र अभियन्ताहरुसँग बैठक
- नेपाल बार एसोसिएसन र कानुन व्यवसायीहरुसँग छलफल तथा अभिमुखीकरण
- प्रदेश ६ का जिल्ला स्वास्थ्य कार्यालय, यौन तथा प्रजनन् स्वास्थ्य संस्था, मिडिया, युवा क्लब, विद्यार्थी युनियन, तथा विद्यार्थीहरुलाई संवेदनशील बनाउन बैठक तथा अभिमुखीकरण
- राइट हियर राइट नाउको विषयहरु र वैवाहिक समानताको मुद्दामा दृश्यता (visibility) प्रदान गर्न सूचना, शिक्षा तथा संचार सम्बन्धि वस्तुहरु (पेन ड्राइभ र क्यालेन्डर) उत्पादन तथा वितरण
- “बेहुली” डकुड्रामाको राष्ट्रिय टेलिभिजन र लोकल रेडियो मार्फत् प्रसारण
- राष्ट्रिय सांस्कृतिक नृत्य प्रतियोगिता मार्फत् International day against homophobia, tansphobia and biphobia मनाइयो
- वैवाहिक समानता सम्बन्धि छलफलको ३ एपिसोडलाई राष्ट्रिय टेलिभिजनको मुख्य समयमा प्रसारण
- मिस पिङ्क नेपाल २०१८ श्री एन्जेल लामालाई मिस इन्टरनेसनल क्विन प्रतियोगितामा सहभागी हुन आरएचआरएन नेपालको सहयोग, जस मार्फत् उनले यौनिक तथा लैंगिक अल्पसंख्यकको मुद्दालाई अन्तर्राष्ट्रिय स्थानमा प्रवर्धन गरिन्
- वैवाहिक समानता तथा अन्य यौनिक तथा लैंगिक अल्पसंख्यक सम्वन्धि अन्य विषयकोबारेमा मिडिया व्यक्तित्व र पत्रकारहरुसँग कार्यशाला

- LGBTI प्राइड महोत्सव र राष्ट्रिय रेन्बो म्युजिकल कन्सर्ट संचालन
- प्रदेश १, ३ र ६ का मुख्य सहरहरुमा वैवाहिक समानता सम्बन्धि नौ वटा सडक भित्तेचित्र (mural) बनाइयो
- यौनिक तथा लैंगिक अल्पसंख्यकको विषयमा प्रिन्ट मिडियाको अनुगमन
- नेपाली तथा अन्य ३ वटा स्थानीय भाषामा वैवाहिक समानता सम्बन्धि सार्वजनिक सेवा सूचनाको उत्पादन तथा वितरण
- नेपाल पत्रकार फोरमसँग यौनिक तथा लैंगिक अल्पसंख्यकको विषयमा समाचार र लेख प्रकाशन गर्न १२ महिनाको लागि सम्झौता तथा समन्वय बैठक

## सुरक्षित गर्भपतन

- सरकार तथा सरोकारवालाहरुसँग राष्ट्रिय निर्देशिका जारी गर्न परामर्श बैठक तथा परिवार कल्याण महाशाखासँग पैरवी बैठक
- "ICPD+25 को सन्दर्भमा युवा महिला माझ सुरक्षित गर्भपतन सेवाको पहुँच र उपलब्धता" विषयमा तेस्रो मिड वाइफ़री सम्मेलनमा प्यानल छलफल
- प्रदेश १ को सरकार, सांसद तथा सरोकारवालाहरुसँग प्रादेशिक प्रजनन् विधेयक तथा निर्देशिका सम्बन्धि परामर्श बैठक
- प्रादेशिक प्रजनन् स्वास्थ्य विधेयकको ढांचा तयार गर्न कार्यशाला
- आरएचआरएनको सुरक्षित गर्भपतन वर्किङ्ग ग्रुप (working group) सँग निर्णयकर्ताहरुलाई सुरक्षित गर्भपतन सम्बन्धि पैरवी गर्न तयार पारिएको सन्दर्भ सामग्री सम्बन्धि बैठक
- बेइजिङ्ग ेंर५ सम्बन्धि राष्ट्रिय कार्यशाला
- राष्ट्रिय स्तरमा राजनीतिक पार्टीका युवा समूहहरुसँग सुरक्षित गर्भपतनको मूल्य र मान्यताबारे स्पष्ट पार्न कार्यशाला
- संयुक्त पैरवीको लागि राष्ट्रिय युवा परिषद्सँग पुन: बैठक
- RHRWG सँग दुईवटा संयुक्त पैरवी कार्यक्रम
- सेलिब्रिटी च्याम्पियन सहितको ५ वटा सार्वजनिक सेवा सूचना (PSA) को उत्पादन तथा सिनेमा हल हरू मा प्रसारण
- माउन्टेन टिभी र अभिन्युज टिभीमा सुरक्षित गर्भपतन सम्बन्धि वृत्तचित्रको प्रसारण
- राष्ट्रिय मिडियालाई सुरक्षित गर्भपतन सम्बन्धि संवेदनशील बनाउन कार्यशाला
- प्रदेश ३ को ६ वटा लोकल अनलाइन मिडियालाई सुरक्षित गर्भपतन सम्बन्धि अन्तरक्रिया तथा प्रकाशित समाचार तथा लेखहरुको अनुगमन
- अन्तर्राष्ट्रिय सुरक्षित गर्भपतन दिवस २०१९ को उपलक्ष्यमा प्रदेश १ मा "हु डिसाइड्स" (Who Decides?) अभियान अन्तर्गत एक दिवसिय युवा मैत्री प्रतियोगिताको आयोजना
- वर्षभरी सुरक्षित गर्भपतन सम्बन्धि "हु डिसाइड्स" (Who Decides?) सामाजिक संजाल अभियानको संचालन
- गुणस्तरीय, लान्छनारहित तथा युवामैत्री सुरक्षित गर्भपतन सेवामा एक्यबद्धता जाहेर गर्न महिला तथा किशोरीको सुरक्षित र वैध गर्भपतनमा पहुँच सम्बन्धि कोट एण्ड विन (quote and win) प्रतियोगिता, सुरक्षित गर्भपतनको बारे बोलौं र लेखौं प्रतियोगिता (Speak up and write on safe abortion), भिडिओ प्रतियोगिता तथा गिभ अवे (Give away) प्रतियोगिताको आयोजना
- सुरक्षित गर्भपतन सम्बन्धि ३ वटा फेसबुक लाइभ सत्र
- सुरक्षित गर्भपतन सम्बन्धि ६ एपिसोडको वेभड्रामा सिरिज (web drama series) को उत्पादन तथा प्रसारण
- मिडिया व्यक्तित्वहरुसँग पुन: सुरक्षित गर्भपतनको मूल्य र मान्यता सम्बन्धि कार्यशाला तथा राष्ट्रिय तह र प्रदेश ६ मा मिडियामा प्रकाशनहरु
- अन्तर्राष्ट्रिय युवा दिवसको उपलक्ष्यमा प्रदेश १ मा सुरक्षित गर्भपतनबारे युवाहरु मझ चेतना फैलाउन विभिन्न कार्यहरु जस्तै मुहार पेंटिंग (face painting), युवा वक्तृत्वकला, मेसेज ब्यानर, फोटो ग्यालरी, फ्ल्यास मब, हाजिरीजवाफ प्रतियोगिता आदि
- अन्तर्राष्ट्रिय युवा दिवस २०१९ को उपलक्ष्यमा "शिक्षाको रुपान्तरण" विषयमा युवा देउडा रनिङ्ग शिल्ड प्रतियोगिताको आयोजना

## बृहत यौनिकता शिक्षा

विद्यालय बाहिर रहेका विद्यार्थीहरुको लागि पाठ्यक्रमको ढांचा तयार गर्न सरोकारवालाहरुसँग परामर्श तथा पैरवी बैठक
CHERD र CLC सँग तयारी बैठक

- माननीय जयपुरी घर्ति, अध्यक्ष, शिक्षा तथा स्वास्थ्य समिति, प्रतिनिधि सभा, लगायत अन्य संस्थाहरुसँग बैठक
- प्रादेशिक बृहत् यौनिकता शिक्षाको पाठ्यक्रमबारे छलफल गर्न प्रदेश १ मा सरोकारवालाहरुसँग समूह छलफल
- कर्णाली प्रदेशका सामाजिक विकास मन्त्रालय तथा शिक्षा समितिमा पदाधिकारीहरुसँग पैरवी बैठक
- UNFPAको सहकार्यमा बृहत् यौनिकता शिक्षाको स्थान पत्र (Position paper) को नतिजाको बारेमा छलफल गर्न र नागरिक समाज संस्थाहरुलाई समर्थनमा लेराउन सरकारी पदाधिकारीहरू र संस्थाहरुहरूसँग बैठक
- बृहत् यौनिकता शिक्षा सम्बन्धि ६ हप्ते लामो रेडियो कार्यक्रम, सेलिब्रिटी च्याम्पियन तथा अभियन्ताहरुको भिडिओ तथा जानकारी पत्रको विकास
- प्रदेश १का स्थानीय मिडियालाई बृहत् यौनिकता शिक्षाबारे संवेदनशील बनाउन बैठक
- दुई जना युट्युबरहरुको पहिचान, बृहत् यौनिकता शिक्षाको मूल्य र मान्यताबारे जानकारी र उनीहरुद्वारा भिडिओ ब्लग उत्पादन
- वैवाहिक समानता, लैंगिक परम्परागत मान्यताहरु, महिनावारी सम्बन्धि भेदभाव, पितृसत्ता, लैंगिक असमानता आदि इंकित गर्ने भिडिओहरुको उत्पादन तथा प्रसारण
- सडकमा भित्ते चित्र (mural) तयार गर्ने आर्टिस्टहरुलाई बृहत् यौनिकता शिक्षा सम्बन्धि जानकारी, तथा प्रदेश १, ३ र ६ मा सडक भित्ते चित्रण
- बृहत यौनिकता शिक्षाको विषयवस्तु तथा पृष्ठभूमिबारे कार्टुन सिरिज (cartoon series) बनाउने कलाकारहरुलाई संवेदनशील बनाउन बैठक

## क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पैरवी

- CSW मा एक जना आरएचआरएनको सदस्यको सहभागिता
- CSW पश्चात् सरोकारवालाहरुसंग बैठक
- APFSDको युथ फोरममा पाँच जना आरएचआरएनका सदस्यहरु को सहभागिता, ती मध्ये दुई जना को सीएसओ फोरम (CSO forum) र एकजनाको मुख्य कार्यक्रममा सहभागीता तथा युथ कल टु एक्सन (youth call to action) लाई बालबालिका तथा युवा कन्स्टुचुएन्सि (youth constituency) मार्फत् भाषण व्यक्त
- एक जना आरएचआरएनको सदस्यको CPDमा सहभागिता, जहाँ आरएचआरएन नेपालको मुद्दाहरु र अन्तर्राष्ट्रिय स्थानहरुमा युवा नेतृत्वको महत्वको बारेमा छलफल भएको थियो
- विश्वव्यापी आवधिक समिक्षा (UPR) को रिपोर्ट लाई आरएचआरएन ले एनजीओ कोलिसन (NGO coalition), महिला कोलिसन र DRMC संग को सहकार्यमा हस्तान्तरण
- बेइजिङ्ग +२५ को एनजीओ प्यारालाल रिपोर्ट (NGO parallel report) विकास गर्न प्रादेशिक तहमा परामर्श
- आरएचआरएनका दुई जना सदस्यहरुको नैरोबी सम्मेलनमा सहभागिता, जहाँ उनीहरुले ग्लोबल कन्सोर्टियम (global consortium) ले आयोजना गरेको विभिन्न साइड इवेन्टमा भाग लिएका थिए र युवाहरुको तर्फबाट सुझावहरुलाई राष्ट्रिय प्रतिबद्धतामा सामेल गर्न सरकार समक्ष हस्तान्तरण गरिएको थियो

## २०२०

### वैवाहिक समानता

- काठमाडौँ मा राष्ट्रिय तहका सरोकारवालाहरुलाई संवेदनशील बनाउन बैठक
- प्रदेश १, ३ र ६ मा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको कथा इंकित गर्ने सडक नाटक प्रदर्शन
- यौनिक तथा लैंगिक अल्पसंख्यक युवाहरु तथा अधिवक्ताहरुसँग लाइभ सत्र हरु
- यौनिक तथा लैंगिक अल्पसंख्यकको विषय मा १६ वोटा अनलाइन तथा अफ्लाइन मिडियाद्वारा समाचार सम्प्रेषण
- मुख्य संदेश सहित २०० टीसर्ट र २००० स्टिकर उत्पादन र वितरणसँगै सामाजिक संजालमा अभियान को थालनी
- तीनवटा भाषामा सार्वजनिक सेवा सूचनाको उत्पादन
- वैवाहिक समानता तथा यौनिक तथा लैंगिक अल्पसंख्यकको मुद्दाहरुबारे मिडिया अनुगमन

### सुरक्षित गर्भपतन

- रेडियो कार्यक्रमको मार्फत् सेलिब्रिटी च्याम्पियनलाई सुरक्षित गर्भपतनको बारे बोल्ने स्थान प्रदान गरियो
- बिज्ञहरुसंग फेसबुक लाइभ सत्र
- प्रदेश १ को प्रिन्ट तथा अनलाइन मिडियामा सुरक्षित गर्भपतन बारे अनुगमन
- स्थानीय पत्रिकाहरुमा सुरक्षित गर्भपतनबारे लेखहरु प्रकाशन
- जिल्ला युवा समितिहरुसँग संयुक्त पैरवी
- राष्ट्रिय स्तरमा सुरक्षित गर्भपतन सम्बन्धि मिडिया अनुगमन

### बृहत् यौनिकता शिक्षा

- "बृहत यौनिकता शिक्षामा इन्टर्सेक्सन्यालिटि (intersectionality) को प्रवेश" शिर्षकको पैरवी पुस्तकको प्रकाशन तथा संस्थाहरु र सरकार माफ्त वितरण
- नेपालमा बृहत् यौनिकता शिक्षाकोबारे सम्पूर्ण समिक्षा प्रतिवेदन तथा पैरवी पुस्तकको उत्पादन
- कक्षा १ देखि १२ सम्मको विद्यार्थीलाई लक्षित गरी बृहत् यौनिकता शिक्षाको पाठ्यक्रमको ढाँचा तयार
- बृहत् यौनिकता शिक्षाको पाठ्यक्रम फ्रेमवर्कबारे अनलाइन युवा परामर्श
- CHERD, CDC, नगरपालिकाका प्रतिनिधि तथा अन्य संस्थाहरुसँग पैरवी बैठक
- विद्यालय बाहिर रहेका बच्चाहरुको बृहत् यौनिकता शिक्षा सम्बन्धि प्रतिवेदन नेपाली र अंग्रेजी भाषामा प्रकाशन
- बृहत् यौनिकता शिक्षा अनुगमन फ्रेमवर्क (monitoring framework)को समापन तथा स्थानीयकरण
- वर्षमा ३ पटक बृहत् यौनिकता शिक्षा सम्बन्धि लेख छाप्न राष्ट्रिय पत्रिकाहरुसँग पैरवी बैठक
- स्थानीय रेडियो मार्फत् बृहत यौनिकता शिक्षा सम्बन्धि कार्यक्रमहरुको विकास तथा प्रसारण

- ४ एपिसोड सहितको कार्टुन सिरिज उत्पादन
- कार्टुन सिरिजको ३ वटा प्रादेशिक भाषामा अनुवाद
- प्याराडाइम टेलिभिजनसँग ७ वटा एपिसोडको भिडिओ सिरिज
- यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकार, कोभिड र बृहत् यौनिकता शिक्षा सम्बन्धि ८ वटा एनिमेटेड भिडिओ (animated video )तयार
- बृहत् यौनिकता शिक्षा सम्बन्धि अनलाइन कोर्सको विकास
- कक्षा १ देखि १२ सम्मको लागि बृहत् पाठ्यक्रम सहितको पुस्तक तयार
- सार्वजनिक संवेदनशिलता बढाउन कमिक स्ट्रिप (comic strip) को प्रयोग
- यौन तथा प्रजनन् स्वास्थ्य तथा इन्टरसेक्सन्यालिटीको बारेमा टुल किट उत्पादन
- सरकार र संस्थाहरु माफ बृहत् यौनिकता शिक्षाको बृहत् पाठ्यक्रम पुस्तिका तथा स्थानीयकरण गरिएको अनुगमन फ्रेमवर्कको वितरण
- CSE TWG संग बैठक तथा अनुगमन फ्रेमवर्क को CHERD लाई वितरण
- सेलिब्रिटी च्याम्पियनद्वारा राष्ट्रिय टेलिभिजनमा भाषण तथा बृहत् यौनिकता शिक्षाबारे विभिन्न मिडिया पोस्टहरु

## क्रस कटिंग (सन् २०१७ देखि २०२०)

- आरएचआरएनको तीन वटै विषयहरु सम्बन्धि स्थानपत्र को सन् २०१७ मा उत्पादन र सन् २०२० मा परिमर्जित संस्करण
- तीनवटै विषयहरुमा प्रदेश विशेष मुद्दा पुस्तिका (Issue brief) को उत्पादन
- राष्ट्रिय तह तथा प्रदेश १ को संसद मा युवा ककस (caucus) को गठन
- समान उद्धेश्य भएका यौन तथा प्रजनन् स्वास्थ्यमा काम गर्ने संस्थाहरुसँग प्रदेश १ र राष्ट्रियस्तरमा बैठक
- कानुनी मामिला मन्त्रालयसँग बैठक
- राष्ट्रिय तह तथा प्रदेश १ र ६ मा युवा एसआरएचआर च्याम्पियन (SRHR champiaon)हरु लाई संवेदनशील बनाउन बैठक तथा उनीहरुको परिचालन
- राष्ट्रिय मानव अधिकार आयोगसँग परामर्श बैठक
- ३७ औं विश्यव्यापी आवधिक समिक्षा (UPR) को लागि एर्रो (Arrow), एसआरआइ (SRI) तथा डान्स फर लाइफ (cande 4 life) सहित आर एचआरएनका युवाहरुको संयुक्त प्रतिवेदन तयार र त्यसलाई इल्ज्भ्च मा प्रस्तुत
- ख्ल्च को लागि प्रदेश तथा राष्ट्रियस्तरमा परामर्श तथा प्रतिवेदन तयार
- गोल ३, ४ र ५ सम्बन्धि आरएचआरएनका युवाहरुको सुझाव तर्जुमा र नेपालको VNR को लागि सरोकारवाला समक्ष प्रस्तुति

## कोभिड अनुकुल योजना

- कोभिडले युवाको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा परेको असरबारे लेखाजोखा गर्ने अध्ययन, तथा प्रतिवेदनको वितरण
- कोभिड १९ को समयमा लैंगिक समवेशिता बारे वेबिनार
- NHEICCसँगको सहकार्यमा महाव्याधिको समयमा यौन तथा प्रजनन् स्वास्थ्यबारे सार्वजनिक सेवा सूचनाको उत्पादन
- रेडियो जिङ्गलको उत्पादन तथा टेलिभिजन तथा रेडियो मार्फत् प्रसारण
- एसआरएचआर तथा कोभिड १९ सम्बन्धि वेबिनर सिरिज संचालन

## क्षमता अभिवृद्धि (सन् २०१७ देखि २०२०)

- आरएचआरएन नेपाल का सदस्यहरूलाई आरएचआरएनको मुख्य मूल्य र मान्यताबारे तालिम
- PMEL तथा परिणाम संरक्षण (outcome harvesting) सम्बन्धि कार्यशाला
- राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पैरवी प्रक्रियाहरुबारे कार्यशाला
- अभियान विकास तथा संचालन सम्बन्धि क्याम्पेन ल्याब (campaign lab) तालिम संचालन
- संघिय संयन्त्रहरु तथा सरकारी निकायको भूमिका तथा नीति तर्जुमा सम्बन्धि कार्यशाला

- बृहत् यौनिकता शिक्षाको अनुगमन फ्रेमवर्क सम्बन्धि कार्यशाला
- वित्त व्यवस्थापन सम्बन्धि तालिम
- संयुक्त राष्ट्र संघ, विशेषगरी मानव अधिकार आयोग, विशेष प्रक्रिया (special procedures) तथा युवाले नेतृत्व गरेको परामर्शबारे क्षमता अभिवृद्धि कार्यशाला
- कमिसन अन पपुलेसन एण्ड देभेलाप्मेंट (CPD) तथा कमिसन अन स्टाटस अफ वोमेन (CSW) लगायतका न्युयोर्कमा हुने पैरवी प्रक्रियाहरु सम्बन्धि वेबिनर
- डान्स फर लाइफको सहकार्यमा डिजिटल स्टोरी टेलिंग कार्यशाला
- पैरवको लागि रणनीति विकास गर्न संचार बारे डान्स फर लाइफको सहकार्यमा कार्यशाला
- संस्थागत विकासको लागि क्षमता अभिवृद्धि तालिम
- डिजिटल सेक्युरिरी (डिजिटल सुरक्षा) सम्बन्धि पुनः तालिम
- अन्तराष्ट्रिय पैरवी फोरमहरुमा आफ्नो उपस्थिती सबलीकरण गर्न कार्यशाला
- यौन तथा प्रजनन् स्वास्थ्यको पैरवी गर्न सामाजिक संजालको प्रयोग बारे कार्यशाला
- भावना पहिचान (emotional intelligence) सम्बन्धि सबै फोकल व्यक्तिहरुलाई कार्यशाला
- यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार सम्बन्धि पैरवी र मानवीय संकट (humanitarian crisis) सम्बन्धि कार्यशाला
- विश्वव्यापी आवधिक समिक्षाको प्रतिवेदन तयार गर्न राइटसप (writeshop)
- लैंगिक परिवर्तनकारी दृष्टिकोण (gender transformative approaches) सम्बन्धि कार्यशाला
- अनुदान व्यवस्थापन (grants management) सम्बन्धि तालिम
- वित्त व्यवस्थापनको पुनः तालिम

# के ले काम गर्यो ?

पैरवीका बाटोहरु सधैँ सिधा हुँदैनन्, र धेरैजसो एउटै बाटोले गन्तब्य सम्म पुग्न सकिँदैन । आरएचआरएन नेपालले बिगत पाँच वर्षमा थुप्रै रणनीतिक बाटोहरु लिएको छ जसले समस्टिगत र बृहत् रुपमा हामीलाई हाम्रो लक्ष्य सम्म पुर्याएको छ । प्रत्येक गतिविधिलाई सटिकता, समय अनुकुल निर्णय र पृष्ठभूमिको गहन बुझाई आवश्यक थियो । केहि रणनीतिहरु जसले हामीलाई काम गरे, र नमुनाको रुपमा प्रस्तुत गर्न चाहन्छौं, निम्नानुसार छन् :

## १. राज्यको परिवर्तनशील पृष्ठभूमि अनुकुल परिमार्जन गर्दै जानु

जब हामीले सन् २०१६मा सुरुवात गर्यौं, नेपाल एकात्मक राज्य संरचनाबाट संघात्मक राज्य संरचना तर्फ जाँदै थियो, र तसर्थ दीर्घकालिन उद्धेश्य तय गर्न कठिन थियो । प्रत्येक त्रैमाशिक समिक्षा बैठकमा सबै सदस्यहरुद्वारा बर्तमान परिप्रेक्ष्य र आगामी दिनमा लिनु पर्ने रणनीतिको बारेमा छलफल हुन्थ्यो तथा हाम्रो बाटो र रणनीतिहरु प्रत्येक वार्षिक समिक्षा बैठकमा परिमार्जन गरिन्थ्यो । संघात्मक राज्य संरचना आए पछि, आरएचआरएनले प्रदेश स्तरमा पैरवी गर्ने अवसर औँल्यायो र तुरुन्तै आफ्नो पैरवीबाटो लाई प्रदेश १, ३ र ६ मा केन्द्रित गर्यो । जब सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य ऐन सन् २०१७ मा पारित भयो, पैरवीको फोकसलाई त्यसको दोस्रो कदम यानिकि राष्ट्रिय तथा प्रदेश तहमा निर्देशिका बनाउने तर्फ केन्द्रित गरियो । सन् २०२० मा कोभिड १९ ले परिमार्जन माग गर्यो, र तसर्थ धेरै जस्तो गतिविधिहरु डिजिटलाइज गरिए, परिमार्जन गरिए, घटाइए वा नयाँ परिप्रेक्ष्यमा ढालिए ।

## २. अर्थपूर्ण र समावेशी युवा सहभागिता (MIYP)

अर्थपूर्ण र समावेशी युवा सहभागिता RHRN को एक मूल मान्यता हो जबकि वयस्क-युवा साझेदारी मुख्य दृष्टिकोण । आरएचआरएन वकालतमा MIYP को एउटा शोकेस हो, जहाँ प्रत्येक संस्थाको कम्तिमा एक सदस्य ३० बर्ष भन्दा कम उमेरको छन्, स्टियरिंग समितिको  कम से कम ५१% सदस्यहरु ३० बर्ष भन्दा कम उमेरका छन् र ७ स्टियरिंग समितिको सदस्यहरु मध्ये एक युवा नेतृत्वको संगठनलाई समर्पित छन् । सम्भव भए सम्म अवसरहरू आउँदा युवाहरूलाई पहिलो प्राथमिकताका साथ प्रदान गरिएको थियो, जसको अर्थ युवाहरूको सहभागिता टोकनस्टिक मात्र थिएन । जसले  गर्दा थुप्रै युवाहरुले पहिलो पटक राष्ट्रिय वा अन्तर्राष्ट्रिय पैरवी फोरममा बोल्ने मौका पाए ।  यसबाहेक, होस्ट संस्था (host organization), YUWA एक युवाले नेतृत्व गरेको संस्था



युपीआर परामर्शको बेला विविध क्षेत्रबाट प्रतिनिधित्व

हो । युवाले नेतृत्व गरेका संस्थाहरुसँग ठूला स्रोतहरू हुँदैनन् वा ठूला कार्यक्रमहरु आयोजना गर्न सक्षम हुँदैनन् भन्ने स्टिरियोटाइप (stereotype) चकनाचूर भयो जब युवा नेतृत्वमा संगठनहरूले धेरै ठूला गतिविधिहरू सञ्चालन गरे ।

## ३. समावेशीता र वयस्क-युवा साझेदारी

आरएचआरएन नेपाल प्लेटफर्ममा १५ संस्थाहरु समावेश छन् जस अन्तर्गत विभिन्न समूहहरुको सहभागिता छ (जस्तै यौनिक तथा लैंगिक अल्पसंख्यक, युवाले नेतृत्व गरेको र युवासँग काम गर्ने संस्थाहरु । साथै नेपालका ३ प्रदेश र ३ पर्यावरणीय क्षेत्रहरूको प्रतिनिधित्व गर्ने संस्थाहरू छन् । संचालक समितिमा यौनिक तथा लैंगिक अल्पसंख्यकको संस्था, महिला नेतृत्वको संस्था र दुर्गम जिल्लाहरूमा रहेका संस्थाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । यस साझेदारी मोडेलले बिभिन्न विशेषज्ञता, अनुभव, आकार वा पहुँच भएका संस्थाहरुलाई एक अर्काको सबल पक्ष, ज्ञान र क्षमता विकास गर्न मद्दत गरेको छ । धेरैजसो गतिविधिहरू संयुक्त रूपमा सञ्चालन भएकाले संस्थाहरुले उनीहरूको विषयगत क्षेत्रहरू वृद्धि गर्न सक्षम भए । उदाहरणका लागि, आरएचआरएन अघि बीबीसीले महिला अधिकारको पक्षमा वकालत गर्थ्यो तर लैंगिक विविधतालाई धेरै ध्यान दिँदैन थियो । त्यस्तै, ध्रम्व र ँक्न्ल ले मात्र ीन्घत्क्ष अधिकारका सवालहरूमा केन्द्रित थिए तर कहिले ीन्घत्क्ष अधिकार र ऋक्ष्भ बीचको प्रतिच्छेदनको पक्षमा वकालत गरेका थिएनन् ।


वार्षिक योजना बैठकमा युवा र वयश्क सदस्यहरुले मिलेर आगामी रणनीति तय गर्दै

पैरवी को कुरा गर्दा, यो मोडेल ले एउटै काम दोहोर्याएर गर्ने प्रवृत्ति घटाएको छ, पैरवीको बाटोलाई अझ स्मार्ट र बढी विश्वाशिलो बनाएको छ । प्लेटफर्म सदस्यहरुबीच नेटवर्क र विचारहरुको आदान प्रदानले गर्दा पैरवीका गतिविधिहरु लागु गर्न थप सहज भएको छ । अर्कोतर्फ वयस्कहरूले युवाहरूलाई उनीहरूको सम्भाव्यता, र उनीहरूको अनुभव र नेटवर्कहरू वृद्धि गर्नका लागि समर्थन गरेका छन् । वयस्कहरुले नेतृत्व गरेको संस्थाको विशेषज्ञता र युवाले नेतृत्व गरेको संस्थाहरूको नवीन विचारहरूको मेलले गर्दा पैरवी रणनीतिलाई प्रभावकारी ढंगले लागू गर्न सकियो र आरएचआरएनलाई नयाँ उचाईमा पुर्यायो, जसले गर्दा युवा-वयस्क साझेदारीलाई आरएचआरएनको महत्वपूर्ण रणनीतिको स्थान दिइयो ।

## ४. निर्णयकर्ताहरुको ज्ञान, सिप र राजनीतिक इच्छाशक्ति बढाउनु

निर्णयकर्ताहरूको ज्ञान, सीप र इच्छाशक्ति बढाउन आरएचआरएन सदस्यहरूले समान लक्ष्य भएका संस्थाहरुको समर्थन जम्मा गर्दै राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहका निर्णयकर्ता, सरकार, सांसदसँग नजिकै रहेर काम गर्यो । लक्षित निर्णयकर्ताहरू तीन वटै थिमेटिक विषयहरुमा एउटै भए पनि निर्णयकर्ताको इच्छाशक्ति, प्रगतिशील विचारधारा र ज्ञानको आधारमा बेग्ला बेग्लै रणनीति लिनु परेको थियो । जस्तै : वैवाहिक समानताको लागि यस विषय प्रति संवेदनशील बनाउनु महत्वपुर्ण थियो भने बृहत् यौनिकता शिक्षाको लागि ज्ञान बढाउनु ।

भूतपूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले संघिय संसदको प्रतिनिधि सभाको आफ्नो भाषणमा देहानी संहितामा विवाह सम्बन्धि परिभाषामा भेदभावपूर्ण शब्द हटाउन सुझाव दिएर वैवाहिक समानताको समर्थन गर्नु भएको थियो ।

उनीहरुको इच्छा शक्ति र ज्ञान बढाउन सरकारलाई संवेदनशील

बनाउँदै लिएर जानु र पैरवी गर्ने कार्य लगातार र निरन्तर रह्यो । विशेष मन्त्रालय तथा संवैधानिक निकायसँग थुप्रै नीति संवाद, संवेदनशील बनाउन बैठक तथा पैरवी बैठकहरु संचालन गरियो । जस्तै : महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, त्ऋक्ष्ऋ, परिवार कल्याण महाशाखा, कानुन तथा न्याय मन्त्रालय, राष्ट्रिय महिला आयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, CHERD, ऋीऋ आदि । त्यसैगरी संवाद, पैरवी तथा छलफलहरु निरन्तर रुपमा प्रादेशिक सांसद, जिल्लातहका सरोकारवालाहरु, प्रादेशिक तथा स्थानीय सरकारहरुसँग पनि गरियो । एक पटक पैरवी बैठक गरेपछि वा केहि गतिविधि संचालन गरेपछि त्यसलाई निरन्तर रुपमा आगामी वर्षहरुमा पछ्याउने काम राष्ट्रिय र प्रादेशिक दुवै तह बाट गरियो ।



**माननीय मन्त्री जगत बहादुर सुनार, युवा तथा खेलकुदले, आरएचआरएन लंचिंग कार्यक्रमको बेला आरएचआरएनको विषयको समर्थनमा बोल्नु हुँदै**

**हामी आरएचआरएनले प्रदान गरेको सुझावहरुलाई हाल तर्जुमा भईरहेका प्रादेशिक स्वास्थ्य नीति तथा निर्देशिका मा समावेस गर्नेछौं ।**
**-अन्तर्राष्ट्रिय युवा दिवस २०१९ को उपलक्ष्यमा माननीय उमिता बि.क., संसद, प्रदेश १**

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन २०७५, कर्णाली प्रादेशिक स्वास्थ्य नीति २०७७, तथा प्रदेश १ मा निर्देशिकाको मस्यौदा तयार हुनु नीतिगत तहमा आरएचआरएनका सफलताहरु हुन्, किनभने यी नीतिहरुले युवाको यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार तर्फ प्रगतिशील बाटो लिएका छन् । केहि विशिष्ठ व्यक्तिहरुले युवाको यौन तथा प्रजनन् स्वास्थ्यको समर्थनमा सार्वजनिक रुप मै पनि बोलेका छन् । भूतपूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले संघिय संसदको प्रतिनिधि सभाको आफ्नो भाषणमा देहानी संहितामा विवाह सम्बन्धि परिभाषामा भेदभावपूर्ण शब्द हटाउन सुझाव दिएर वैवाहिक समानताको समर्थन गर्नु भएको थियो। राष्ट्रिय मानव अधिकार आयोगले आरएचआरएनलाई एक जना फोकल व्यक्ति तोकेको छ जसले सार्वजनिक रुपमा वैवाहिक समानताको समर्थनमा बोल्नु भएको छ । माननीय जयपुरी घर्ति, संविधान सभाको भूतपूर्व सदस्यले नागरिक समाज संस्थाहरुको प्रयासको तारिफ गर्दै आरएचआरएनसँग सहकार्य गर्न स्वागत पनि गर्नु भएको थियो।

त्यसै गरि प्रदेश १ को रामधुनी नगरपालिकाले विद्यालय बाहिर रहेका बच्चाहरुलाई लक्षित गर्दै "किशोरकिशोरी स्वास्थ्य शिक्षा कार्यक्रम"को थाल्नु गरेको छ र एक लाख रुपैंयाको बजेट पनि बिनियोजन गरेको छ । किर्तिपुर नगरपालिकाले २ लाख रुपैयाँको बिनियोजन गरेर यौनिक तथा लैंगिक अल्पसंख्यककोबारे जनचेतना फैलाउने कार्यक्रम संचालन गर्यो । यी भनेका स्थानीय तहबाटै यौन तथा प्रजनन् स्वास्थ्यको लागि भएका प्रयासका उदहारण हुन् ।

## ५. निर्णयकर्ताहरुलाई पैरवीको लागि प्रमाण र साधनहरु प्रदान गर्नु

निर्णयकर्ताहरुलाई संवेदनशील बनाउनुको साथै, आरएचआरएनले थुप्रै पैरवी सामग्रीहरु पनि उत्पादन गरेको छ, जसलाई निर्णयकर्ताहरुले सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न सक्ने छन् । युवाको यौन तथा प्रजनन् स्वास्थ्यको विषयमा पैरवी गर्न कस्तो भूमिका हुन सक्छ भन्ने विषयलाई मध्यनजर गर्दै एउटा सन्दर्भ सामग्री पनि तयार गरिएको छ । तीनवटै विषयको स्थान पत्र तयार गरेर वितरण गरियो । विद्धमान पाठ्यक्रमबारे स्थान पत्र "बृहत यौनिकता शिक्षामा इन्टरसेक्सन्यालिटीको प्रवेश", प्रदेश १, ३ र ६ का महिला तथा किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्यको बारे इस्यु ब्रिफ, CPD,

CSW, HLPF, CEDAW आदि जस्ता अन्तर्राष्ट्रिय पैरवी फोरमहरु सम्बन्धि सुझावहरु पनि आरएचआरएनले प्रकाशन गरेको छ । अन्तर्राष्ट्रिय दस्तावेजहरु जस्तै योग्यकर्ता प्रिन्सिपल ' १०, CEDAW को मुख्य समापन अवलोकन आदि लाई पनि नेपाली भाषामा अनुवाद गरेर निर्णयकर्ता तथा सरोकारवालाहरु सामू प्रस्तुत गरिएको छ ।



नैरोबी सम्मिटको बेलामा माननीय मन्त्री थममाया थापा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, समक्ष राष्ट्रिय युवा सुझावहरु प्रस्तुत गर्दै युवाहरू

**आइसीपीडि '२५ नैरोबी सम्मेलनमा नेपाल सरकारले आफ्नो प्रतिबद्धता प्रस्तुत गर्ने क्रममा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मंत्री थम माया थापाले युवाहरुको स्वास्थ्य र कल्याणमा लगानी गरेर उनीहरुले बृहत् यौनिकता शिक्षाको माध्यमले आफ्नो प्रजनन् अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता गर्नु भएको थियो, जुन कुरालाई आरएचआरएनले प्रकाशन गरेको राष्ट्रिय युवा सुझावमा खुलाएको थियो ।**

यी दस्तावेजहरुलाई निर्णयकर्ताहरुले पनि थुप्रै समयमा सन्दर्भ सामग्रीको रुपमा पनि प्रयोग गरेका छन् । जस्तै : CEDAW समितिले आरएचआरएनले प्रकाशन गरेको कल टु एक्सन (call to action) लाई आधार मानेर नेपाली डेलिगेटलाई प्रश्न गरेको थियो । आइसीपीडि '२५ नैरोबी सम्मेलनमा नेपाल सरकारले आफ्नो प्रतिबद्धता प्रस्तुत गर्ने क्रममा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मंत्री थम माया थापाले युवाहरुको स्वास्थ्य र कल्याणमा लगानी गरेर उनीहरुले बृहत् यौनिकता शिक्षाको माध्यमले आफ्नो प्रजनन् अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता गर्नु भएको थियो, जुन कुरालाई आरएचआरएनले प्रकाशन गरेको राष्ट्रिय युवा सुझावमा खुलाएको थियो ।

## ६. पैरवीको लागि सामाजिक समर्थनलाई सबलीकरण गर्नु

सामाजिक समर्थन प्राप्त गर्न, आरएचआरएनले आफ्नो थिम्याटिक विषयमा प्रादेशिक र राष्ट्रिय तहमा थुप्रै संवाद तथा संवेदनशील बनाउने सत्रहरुको आयोजना गरेको छ, र त्यसलाई निरन्तर पछ्याएको पनि छ ताकि पैरवीको निरन्तरता नटुटोस् । मुगुमा जब एउटा संवाद सत्रको आयोजना गरिएको थियो, यौनिक तथा लैंगिक अल्पसंख्यकले संचालन गरेको पहिलो कार्यक्रम थियो, र त्यो सत्र समुदायलाई यो विषयमा संवेदनशील बनाउन निकै सफल पनि भएको थियो ।

त्यसैगरी, यी विषयहरुमा समर्थन र साथ प्राप्त गर्न राष्ट्रिय र प्रादेशिक तहमा समान उद्धेश्य भएका यौन तथा प्रजनन् स्वास्थ्यमा काम गर्ने संस्था तथा नेटवर्कको सहकार्यमा परामर्श तथा बैठकहरु आयोजना गरियो । यी सरोकारवालाहरुले विभिन्न समूहको प्रतिनिधित्व गरेको थियो, जस्तै : यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारमा काम गर्ने संस्थाहरु, युवा अभियन्ताहरु, युवा राजनीतिज्ञहरु, हाई कोर्ट बार, नेपाल बार एसोसिएसन, नेपाल कानुन आयोग, कानुनका विद्यार्थीहरू, जनस्वास्थ्यका विद्यार्थीहरू, मिडिया, आदि । सन् २०१८ मा आरएचआरएनको लंचिंग ९बिगलअजष्लन० कार्यक्रम र सन् २०१९ को एड्भान्सिंग युथ एसआरएचआर कन्फरेन्स (advancing youth SRHR conference) ले पनि युवाको यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको लागि समर्थन प्राप्त गर्न सकेको थियो, जहाँ विभिन्न मन्त्रालय, राष्ट्रिय युवा परिषद्, शैक्षिक जनशक्ति विकास केन्द्र, संयुक्त



अन्तर्राष्ट्रिय सुरक्षित गर्भपतन दिवसको अवसरमा मलमा फ्ल्यास मब प्रस्तुत गरिदै

राष्ट्र संघका निकायहरु, नागरिक समाज, बहुपक्षीय संस्था, सरकारी निकाय तथा विषेसज्ञहरुले यो विषयमा समर्थन जनाएका थिए । उक्त सम्मेलनको मुख्य अतिथि माननीय युवा तथा खेलकुद मन्त्री जगत बहादुर सुनारले पनि आरएचआरएनको विषयहरुमा समर्थन जनाउनु भएको थियो ।



प्राइड परेड मनाइदै

दिवस मनाउनु पनि चेतना जगाउनु र सार्वजनिक समर्थन प्राप्त गर्ने आरएचआरएनको युवा मैत्री र नविन प्रयोग रह्यो । आरएचआरएनले प्रत्येक वर्ष परेड, संस्कृतिक नृत्य प्रतियोगिता, रेन्बो म्युजिकल कन्सर्ट, आदि आयोजना गरेर गाईजात्रा तथा International day against homophobia, transphocia and biphobia मनाएर यौनिक तथा लैंगिक अल्पसंख्यकको मुद्दामा समर्थन प्राप्त गरेको थियो । समुदाय लगायत, सरकारी निकाय, संयुक्त राष्ट्रसंघका निकाय, दुतावासहरु तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडियाको सहाभागिताले यौनिक तथा लैंगिक अल्पसंख्यकको विषय मा समर्थन झल्किन्थ्यो । यी कार्यक्रमहरुमा प्रख्यात सामाजिक संजाल अभियन्ताहरु जस्तै लेक्स लिम्बु तथा माल्भिका सुब्बाको उपस्थिति रह्यो, र उनीहरुले यी कार्यक्रमलाई आफ्नो सामाजिक संजालमा पनि प्रसारण गरे । नेपालका लागि अमेरिकी राजदूत तथा अस्ट्रेलियन राजदूतहरुले पनि प्राइड महोत्सवमा सहभागी भएर आफ्नो सामाजिक संजालमा प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी, सुरक्षित गर्भपतन दिवस पनि प्रत्येक वर्ष राष्ट्रिय तथा प्रादेशिक तहमा फ्ल्यास मब, सेलिब्रिटी सहितको प्यानल छलफल, बक्तित्वकला प्रतियोगिता, आर्ट प्रतियोगिता, युवा महोत्सव, संस्कृतिक नृत्य, संदेश बोर्ड आदि प्रयोग गरि मनाइयो । अन्तर्राष्ट्रिय युवा दिवसले पनि ३०० जना युवा र संस्थाहरु सहितको प्यानल छलफल, स्ल्याम पोएट्री, युवा वक्तृत्वकला, फ्ल्यास मब, संस्कृतिक तथा सांगीतिक प्रस्तुतिहरु, स्वरक्षा सिप तथा संस्थाहरुको प्रदर्शन बुथहरु आयोजना गरेर आरएचआरएनको मुद्दालाई प्रवर्धन गरिया । ६०० भन्दा बढी युवा र ३५ युवा संस्थाहरुको सहभागितामा प्रदेश १ र २ मा पनि अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो । प्रदेश ६ को मुगु जिल्लामा ३०० जना सहभागीहरु माझ आरएचआरएनको विषय हरु केन्द्रित संस्कृतिक नृत्य देउडा आयोजना गरियो, र अहिले त्यो रनिङ्ग शिल्डको रुपमा रहेको छ । यसको मतलब के हो भने मुगुले युवा यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकारको विषयमा हरेक वर्ष देउडा नृत्य आयोजना गर्ने छ । प्रदेश १ को एक जना सांसदले युवा दिवसमा सहभागिता जनाएर सुरक्षित गर्भपतन तथा प्रजनन् स्वास्थ्य विधेयकबारे पैरवी गर्ने प्रतिबद्धता जनाउनु भयो ।

## ७. समान उद्धेश्य भएका संस्थाहरुसाग साझेदारी गर्नु

विषयहरुमा प्रभाव पार्न सक्ने सरोकारवालाहरुको पहिचान गर्नु र नेटवर्कहरुसँग साझेदारी गर्नु आरएचआरएनको लागि महत्वपुर्ण थियो, ता कि यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकारको लागि अभियन्ताहरुले साझदारी गरेर यी विषयमा आवाजहरु मजबुत गर्न सकियोस् । आरएचआरएन TCIC र बृहत् यौनिकता शिक्षाको टेक्निकल वर्किङ्ग ग्रुप (CSE TWG) को सदस्य पनि हो जसले गर्दा आफ्नो विषयको पैरवी गर्न ठिक स्थानमा रहन मद्दत पुग्यो ।



समान उद्धेश्य भएका संस्थाहरुसाग समर्थन संगाल्दै

राष्ट्रिय युवा परिषद, जसको अध्यक्षता युवा तथा खेलकुद

आर एच आर एन ले हामीलाई युन तथा प्रजनन स्वास्थ्य को बारे खुलेर र निर्धक्क भएर बोल्न सिकाएको छ, तथा हाम्रो याउन तथा प्रजनन अधिकार को लागि नीति निर्माता हरु समक्ष आफ्नो माग हरु बलियो संग राख्न पनि सिकाएको छ। यसको क्षमता अभिवृद्धि अवसर हरु ले गर्दा मा मा व्यक्तिगत तथा व्यावसायिक तह मा पनि धेरै प्रगति भएको छ। (जमुना तिवारी, प्रदेश १ को आर एच आर एन युवा च्याम्पियन।)

मन्त्रीले गर्नुहुन्छ, ले पनि आरएचआरएनको लागि एक जना फोकल व्यक्तिको पद्नाम गरेको छ तथा आरएचआरएनसँग राष्ट्रिय सम्मेलन तथा निर्णयकर्ताहरुको लागि सन्दर्भ सामग्रीहरुको संयुक्त रुपमा प्रकाशन गरेको छ। प्रादेशिक तथा जिल्ला तहमा पनि युवा परिषद्ले आरएचआरएनसँग विभिन्न कार्यक्रमहरुमा सहकार्य गरेको छ। त्यसै गरी, यो प्लेटफर्मले केयर नेपाल, प्लान इन्टरनेसनल, यु एन वोमेन, भी एस ओ, यु एन एफ पी ए, एस डि जी फोरम, नेपाल बार एसोसिएसन, युवा क्लबहरु, विद्यालय, मिडिया लगायतका संस्थाहरु सँग एउटा कार्यक्रमको लागि वा दीर्घकालिन रुपमा पैरवीको लागि साझेदारी पनि गरेको छ।

## ८. युवा राजनीतिज्ञहरूलाई सहयोगीको रुपमा परिचालन गर्नु

